# लोक सेवा आयोग

## राष्ट्रिय मानव अधिकार सेवा, अधिकृत तृतीय श्रेणी,

## मानव अधिकार अधिकृत/लेखा अधिकृत वा सो सरह पदको खुला (संयुक्त) प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/२/२१

**समय: ३ घण्टा** **पत्र: प्रथम** **पूर्णाङ्क: १००**

बिषय: Governance and Contemporary Issues

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

**Section – A** **25 Marks**

1. नेपालमा कानून निर्माण प्रक्रियाबारे जानकारी गराउँदै अर्थ विधेयक किन प्रतिनिधि सभामा मात्र प्रस्तुत हुन्छ? कारणसहित विवेचना गर्नुहोस्। 3+2=5
2. राष्ट्र निर्माण र राज्य निर्माणबीच के फरक छ? नेपालमा राष्ट्र निर्माणमा देखिएका मुख्य अवरोधहरूको पहिचान गर्दै समाधानका उपायहरूको सूची बनाउनुहोस्। 4+3+3=10
3. नेपालको वर्तमान संविधानमा व्यवस्था गरिएका मानव अधिकार सम्बन्धी प्रावधानहरूबारे चर्चा गर्दै तिनको कार्यान्वयन अवस्थाको समीक्षा गर्नुहोस्। 5+5=10

**Section – B** **25 Marks**

4. "नागरिक वडापत्र" को परिभाषा गर्दै सेवा प्रवाहमा यसको भूमिका लेख्नुहोस्। 2+3=5
5. नेपालमा सार्वजनिक नीति तर्जुमा प्रक्रियाका बारेमा चर्चा गर्नुहोस्। यस्ता नीतिहरूको अनुगमन र मूल्याङ्कन कसरी गर्ने गरिन्छ? विश्लेषण गर्नुहोस्। 5+5=10
6. नेपालमा विकास प्रशासनको इतिहासको सिंहावलोकन गर्नुहोस्। चालू आवधिक योजनामा उल्लेख गरिएका मूलभूत उद्देश्य र नीतिका बारेमा चर्चा गर्नुहोस्। 4+6=10

**Section – C** **25 Marks**

7. नेपालमा बसाइँ सराईको प्रवृत्ति बारेमा जानकारी गराउँदै यसले पार्ने सकारात्मक र नकारात्मक असरहरूको विवेचना गर्नुहोस्। 3+2=5
8. नेपालको आर्थिक विकासमा निजी क्षेत्रको के-कस्तो भूमिका र योगदान रहेको छ? निजी क्षेत्रको योगदान अभिवृद्धि गर्न के-कस्ता नीतिगत सुधार आवश्यक देख्नुहुन्छ? लेख्नुहोस्। 5+5=10
9. अन्तर्राष्ट्रिय सहयोग र बाह्य सहायताका आधारभूत मूल्यमान्यता के हुन्? नेपालको विकास वित्त व्यवस्थापनमा यस प्रकारको बाह्य निर्भरतालाई घटाउनको लागि वैकल्पिक वित्त व्यवस्थापनका स्रोतहरू पहिचान गरी त्यस्ता स्रोतको उपयोगमा ध्यान दिनुपर्ने विषयहरूबारे चर्चा गर्नुहोस्। 10

**Section – D** **25 Marks**

10. मानव अधिकार आयोगमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग सम्बन्धमा बुँदागत सुझावहरू दिनुहोस्। 5
11. नेपालमा विपद् व्यवस्थापनका मुख्य चुनौती पहिचान गरी चुनौती सामना गर्ने उपायहरू सुझावको रूपमा पेश गर्नुहोस्। 5+5=10
12. नेपालका विकास आयोजनाहरूमा वातावरणीय सन्तुलन मिलाउन अवलम्बन गरिएका व्यवस्थाहरूबारे चर्चा गर्दै यसलाई अझ प्रभावकारी बनाउन गर्नुपर्ने सुधारहरू प्रस्तुत गर्नुहोस्। 5+5=10

<<समाप्त>>